# स्थानीय राजपत्र

**उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित**

खण्ड : ४ | संख्या : ३ | मिति : २०७७/१०/२५


## भाग - १

# उमाकुण्ड गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७७

गाउँपालिकाको क्षेत्रभित्र पूर्वाधार संरचनाको निर्माण, संचालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम सबैको जानकारीका लागि स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ ।

# उमाकुण्ड गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७७

१. **प्रस्तावना :**

गाउँपालिकाको क्षेत्रभित्र पूर्वाधार संरचनाको निर्माण, संचालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलव्ध गराउनको लागि आवश्यक काननी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम उमाकुण्ड गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "उमाकुण्ड गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन उमाकुण्ड गाउँपालिका स्थानीय राजपत्रमा प्रकाशित भए) पछि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपाध्यक्ष" भन्नले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले संविधानबमोजिम स्थापना भएको गाउँपालिका सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ङ) "गाउँ सभा " भन्नले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम गाउँ सभा सम्झनुपर्छ।

(च) "पूर्वाधार" भन्नाले यस एनेमा अनुसूची १ मा भए बमोजिमका विषय संग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनुपर्छ।

(छ) "जलस्रोत" भन्नले गाउँपालिका क्षेत्रभित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐनबमोजिम बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(झ) "उपभोक्ता संस्था" भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समुह वा सामुदायिक संस्थालाई सम्झनुपर्छ।

(ञ) "अमानत" भन्नाले प्रचलित सार्वजानिक कानूनको परिधि भित्र रही ठेक्कामा नलागई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा सेवासम्बन्धी कार्य सम्झनु पर्छ।

## परिच्छेद २

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

**३. स्थानीय सडकहरुको वर्गीकरण र न्यूनतम मापदण्ड :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सडक विस्तार गरी यातायात सुविधा उपलव्ध गराउनको लागि आवश्यकता अनुसार सडकहरुको वर्गीकरण गरी न्यूनतम मापदण्ड तोक्ने र बृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्ने छ।

(२) गाउँपालिका स्तरका सडकहरुको वर्गीकरण र न्यूनतम चौडाई देहायअनुसार हुनेछ।

(क) **पालिका (स्थानीय) सडक** : गाउँपालिकाको मध्य महत्वपूर्ण स्थानमा रहेको सडक पालिका तथा स्थानीय सडकको रुपमा वर्गीकरण गरिनेछ। यस्ता सडकको चौडाई १० मि हुनुपर्ने छ।

(ख) **ग्रामिण सडक** : गाउँपालिकाको वस्तीहरुमा यातायातको पहुँचको लागि बनाइएका सडकहरुलाई ग्रामिण सडकको रुमा वर्गीकरण गरिनेछ। यस्ता सडकहरु चार देखि पाँच मिटरसम्म चौडा हुने छ।

(ग) **कृषि सडक** : गाउँपालिका भित्रका मुख्य-मुख्य कृषि उत्पादन क्षेत्र र वजारलाई जोडने सडकहरु यस अर्न्तगत पर्दछ। यस प्रकारका सडकको न्यूनतम चौडाई ४ मिटर हुनेछ।

(घ) **घोडेटो मुल बाटो** : मानिस र चौपाय हिड्ने एक भन्दा बढी गाउँवस्ति जोडने बाटोलाई घोडेटो मुल बाटोको रुपमा वर्गीकरण गरिनेछ। यसको न्यूनतम चौडाई २ मिटरको हुनेछ।

(ङ) **गोरेटो बाटो** : मानिस र चौपाय हिड्ने एक वस्तिबाट घोडेटो मुलबाटो वा वस्ती सडकसम्म जोडिने अधिकतम १ किमि लम्बाईका सडकलाई गोरेटो बाटो भनिन्छ। यसको चौडाई न्यूनतम १ मिटरको हुनेछ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ती तथा मोडहरुमा ठुला सवारीको आवगमन समेतको मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुनेगरी निर्माण गर्नुपर्दछ।

४. **मापदण्ड निर्धारण गर्ने** :

(१) गाउँकार्यापालिकाले समय समयमा आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरुमा यातायत सुविधा सञ्चालनको मापदण्ड तोक्नेछ।

२) गाउँपालिका आफ्नो क्षेत्रभित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढी सवारी चालाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाईने :**

१) यस ऐनको दफा ३ बमोजिमका सडक र सडकका अधिकार क्षेत्रभित्र कसैले सम्बन्धित गाउँपालिकाको स्वीकृती विना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय संचालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काइने अधिकार गाउँपालिकालाई हुनेछ।

२) कसैलाई कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सिमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा खन्नु वा भत्काउनुपर्ने कारण सहित निवेदन दिनु पर्दछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनुपर्ने नपर्ने जाँच वुझ गरी खन्दा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धित सरोकारवाला बाट धरौटी लिएरमात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्नेछ।

३) पहिलेदेखि चलिआएको कुनै सडकाको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिए बमोजिमाको क्षतिपूर्ति सम्बन्धित जग्गा धनिलाई दिएर मात्र सडक वा पूर्वाधार बनाउने पर्नेछ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने :**

(१) कसैले सार्वजानिक सडकमा कुनै वस्तु छाडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमको वाधा पुऱ्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला व्याक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ।

२) उपदफा १ बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनि पत्ता नलागेको माल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्ना कव्जामा राख्ने गरी अन्यत्रै लैजान समेत सक्नेछ।

**७. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नुहने :**

(१) गाउँपालिका क्षेत्रभित्र व्यवस्थित, संरक्षित र योजनावद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नया भवन

बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोडाहा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउने हुदैन ।

२) उपदफा १ को प्रयोजनको लागि गाउँपालिकाको भवन निर्माणसम्बन्धी निर्देशिका र नमस तयार गर्नेछ ।

८. **भवनको दर्ता** : गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

९. **भवनको डिजाईन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्था :**

१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिदा नक्सा साथ डिजाईन समेत पशे गर्नु पर्नेछ ।

२) भवन निर्माण गर्दा आवसिय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ । सरकारी वा अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ ।

३) सडक छेउ भवन निर्माण गर्दा सडक किनारा बाट १.५ मिटर सेटव्याक छोड्नु पर्दछ ।

१०. **वस्ती विकासको लागि अनुमति दिने** :

१) गाउँपालिका भित्र कुनै व्याक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी विक्रि गर्ने प्रयोजनबाट वस्ती विकास परियोजना संचालन गर्न चाहेमा गाउँपालिकाको कार्यालयमा वस्ती विकासको. विस्तृत कार्य योजना सहित अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

२) वस्ती विकासको लागि अन्य प्रचलित कानूनमा भएको व्यवस्था समेत पालना गर्नुपर्छ ।

## परिच्छेद ४

## पूर्वाधार आयोजना निर्माण, संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

११. **पूर्वाधार आयोजना तर्जुमा** :

१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, संचालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरी गाउँ सभामा पारित गर्नुपर्नेछ।

२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिमका कुराहरु उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम ,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र स्रोत

(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद , वस्तुगत श्रम त्यस्तै अन्य योगदान,

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, संचालन तथा व्यवस्थापन स्वरुप

१२. **लागत अनुमान तयार गर्नुपर्ने** :

१) गाउँपालिकाको जुनसुकै निर्माण, मर्मत वा सुधार कार्यको लागि वजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन सर्भेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागि अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ।

१३. **पूर्वाधार आयोजना निर्माण, संचालन तथा व्यवस्थापन** :

१) गाउँपालिका भित्र र्निाण तथा व्यवस्थापन गर्नुपर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, संचालन तथा व्यवस्थापनका प्रचलित सार्वजनिक खरिद कानूनबमोजिमका प्रक्रियाहरु अवलम्वन गरिनेछ।

१४. **पूर्वाधार मर्मत सम्भार कोष** :

१) गाउँपालिका भित्र रहेका गाउँ स्तरीय वा केन्द्र/प्रदेश स्तरीय पूर्वाधार हरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत सम्भार गरी सेवा सुचारु गर्नको लागि पूर्वाधार मर्मत स्म्भार कोषको स्थापना गरिनेछ।

२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचनाहरु, सडक खानेपानी, सिंचाई आदिबाट प्राप्त रोयल्टी रकमको ३० देखि ५० प्रीतशत रकम दाखिला गरिनेछ।

३) पूर्वाधार मर्मत सम्भार कोषको परिचालन सम्बन्धी कार्यविधिले तोकेबमोजिमको हुनेछ।

## परिच्छेद ५

## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

१५. **पूर्वाधार अनुगमन समितिको गठन** : गाउँपालिका क्षेत्रभित्र नेपाल सरकार प्रदेश सरकारको कार्यक्रम अर्न्तगत निर्माण हुने ठुला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट पूर्वाधार निर्माण एवं मर्मत स्म्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगतिको अनुगमन गर्नका लागि देहायबमोजिम एक पूर्वाधार अनुगमन समितिको गठन गरिनेछ।

२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) पूर्वाधारको मुख्य काम हुने वडाको वडाध्यक्ष | सदस्य |

(ग) पूर्वाधार निर्माण सम्बन्धी ज्ञान भएका विज्ञहरुबाट एक महिला सहित २ जना सदस्य

(घ) गाउँपालिकाको पूर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव

१६. **समितिको वैठक र निर्णय** :

१) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ।

२) समितिको वैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

१७. **अनुगमन पश्चात निर्देशन दिन सक्ने** :

१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकाय बाट वा सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२) केन्द्र वा प्रदेश स्तरीय आयोजनाहरुको निर्माण वा संचालनको अवस्थावारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ।

१८. **कारवाहीको सिफारिस गर्न सक्ने** : गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अर्न्तगतको पूर्वाधिरा आयोजनाको अनुगमन गर्दा गुणस्तरमा कम्जोरी भएको खण्डमा वा र्निमाण व्यवसायीकै लापरवाहीका कारण निर्धारित समयभित्र प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित उपभोक्ता समितिलाई वा निर्माण व्यवसायीलाई कारवाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिकाभित्र उक्त उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई आगमी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

१९. **कालोसूचीमा राख्ने** :

१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सवै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरी कालो सूचीमा राख्न सक्नेछ :

(क) कुनै फौदारी कसुरमा अदालतबाट दोषी ठहर भएमा ,

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३ महिना सम्म काम सुरु नगरेमा,

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेमा वा सम्झौता बमोजिमका गुणस्तर नभएको कुरा प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास र धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पार्ने कार्य गरेमा

(च) अन्य कुनै कसुर गरेमा

२) उपरोक्त बमोजिम कालोसूचीमा राख्दा कसुरको गर्म्भियताको आधारमा कालोसूचीको अवधि तोक्न सक्नेछ।

२०. **प्राविधिक मूल्यांकन गर्नु पर्ने :**

१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चत गरिनेछ।

२) उपदफा (१) बमोजिम प्राविधिक जाँचाको लागि आवश्यक प्रयोगशाला वा साधनको व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद ६

## सार्वजानिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा संचालन

२१. **सार्वजानिक निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने :**

१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी, संस्था वा कम्पनी संग गाउँपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाई संग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, संचालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासंग साझेदारी गर्न सक्ने।

२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले पूर्वाधारको अवस्था, आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमको विभिनन मोडलहरु अवलम्वन गरी निजी साझेदारीसंग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाँड गर्ने गरी निश्चित अवधिको लागि सम्झौत गर्न सक्नेछ :

(क) संचालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षको लागि

(ख) निर्माण, संचालन तथा हस्ताणतरण : ७ देखि १५ वर्षको लागि

(ग) निर्माण, स्वामित्वकरण तथा हस्ताणतरन : १५ देखि २० वर्षको लागि

(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिएबमोजिम वा अधिकतम २२ वर्ष ।

२२. **प्रस्ताव आव्हान गर्न सक्ने :**

१) गाउँपालिकाको पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको संचालन तथा व्यवस्थापनका लागि मनासय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्याक्ति, संस्था वा निजी व्यवसायीले साझेदारी स्वरुपको आधारमा देहायको विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्नेछ :

(क) निर्माण गर्नुपर्ने वा संचालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तिय स्रोत

(घ) वातावरणीय प्रतिवेदन (आवश्यकता भएको अवस्थामा )

(ङ) कार्यान्वायनको विवरण

(च) परियोजना कार्यान्वायन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने सम्भावित उपायहरु

(छ) परियोजनाको नक्सा तथा ड्रईङ, डिजाईन

(ज) प्रस्तावित शुल्क र करार अवधि

२३. **प्रस्ताव छनौट र सम्झौता** :

१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाको विज्ञ टोलीद्धारा तपसिलका आधारहरुमा मूल्यांकन गराई प्रस्ताव छनौट गर्न सक्नेछ :

(क) पूर्वाधारबाट उपलव्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टि रकम

(घ) लिज अवधि

(ङ) प्रविधिको नापतौल, स्थानीय रोजगारीको अवसर वृद्धि

२४. **संचालन तथा व्यवस्थापन** :

१) सम्झौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारमा हुनेछ । सम्झौतामा हेरफेर गर्नुपरेमा निजी साझेदार वा गाउँपालिकाको तर्फबाट एक अर्कोलाई प्रस्तुत गर्नुपर्ने र आपसी समझदारीबाट वुदाहरुमा हेरफरे हुन सक्नेछ ।

## परिच्छेद ७

## वातावरण, भू-संरक्षण तथा वैकल्पिक उर्जा

२५. **वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी व्यवस्था** :

१) गाउँपालिकाले १ करोड देखि १० करोडसम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातवरणीय परीक्षण र १० करोड भन्दा माथिको लागत भएका पूर्वाधारहरुमा वातावरण प्रभाव मूल्यांकन गराउनुपर्ने छ ।

२) आयोजनाहरुको वातावरणीय परीक्षण र स्विकृति गाउँपालिका स्वयंले गर्न सक्नेछ ।

३) वातावरणीय परीक्षण प्रतिवेदन स्विकृतिको लागि सो को प्रतिलिपी गाउँपालिकाको सार्वजनिक सुचना पार्टीमा टाँस गरी ७ दिनको म्याद सहित सुझाव माग गर्नुपर्नेछ।

२६. **वैकल्पिक उर्जालाई प्रोत्साहन** : पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्नेछ।

१) कुनै घरमा सोलार, वायोग्यास, सुधारिएको चुल्हो लगायतका वैकल्पिक उर्जा जडान गर्नु अधि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनुपर्नेछ। यसरी जानकारी नगराएमा सरकारबाट पाउने अनुदान वा सहयोग दिईने छैन।

२) घरेलु शौचालय वायोग्याँस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई गाउँपालिकाको सम्पती कर वा मालपोतमा करमा पनि छुट दिन सक्नेछ। सो प्रावधान गाउँपालिका आर्थिक ऐनले गर्नेछ।

२७. **भू–क्षय न्यिूनत्रण सम्बन्धी कार्य गर्न सक्ने** :

१) गाउँपालिका क्षेत्रभित्रको भुक्षयग्रस्त सार्वजानिक जग्गा,पाखो, खोला किनार वा सडक किनार वा सडक किनारमा वाँस तथा फलफुल जन्य वनस्पतीको रोपन गर्न गाउँपालिकाले सथनीय समुदायलाई अनुमति दिन सक्नेछ।

२) यस्तो कार्यका लागि सम्बन्धित क्षेत्रका व्याक्ति वा समुहले स्थान तोकी वृक्षरोपनका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ।

३) वृक्षरोपपनका लागि प्रस्तावित क्षेत्र व्याक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवगमनमा वाधा पुऱ्याने खालको हुनु हुदैन।

४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम ७ वर्षको लागि वृक्षरोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ।

५) उपरोक्त बमोजिम अनुमति दिदा सडक छेउको हकमा सम्बन्धित संधियारलाई प्राथमिकता दिनु पर्नेछ ।

२८. **फोहोरमैला तथा फोहरपानी व्यवस्थापन** :

१) गाउँपालिकाभित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना बनाउनुपर्ने छ ।

२) गाउँपालिकाभित्र फोहरमैला व्यवस्थापनको लागि ल्याडफिल्ड साईट निर्माण गर्न अन्य गाउँपालिका संग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद ८

## विविध

२९. **अन्तर स्थानीय समन्वय** :

१) एक भन्दा बढी गाउँपालिका जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यको लागि सम्बन्धित गाउँ कार्यपालिकाबाट अनुमोद गराइनु पर्नेछ ।

३०. **प्रचलित कानूनबमोजिम हुने** : यस ऐनमा लेखिएको विषयमा र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ ।

३१. **नियम बनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका कार्यविधि बनाउन सक्नेछ ।

३२. **बचाउ र लागु हुने** :

१) यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानूनबमोजिम हुनेछ ।

२) संविधानमा बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निश्क्रिय हुनेछ ।

## अनुसची (१)

## दफा २ को च संग सम्बन्धित

क) स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, सिंचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वायन र नियमन

ख) स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटवन्ध सम्बन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण/स्तरोन्नतिको आयोजना पहिचान, कार्यान्वयन, मर्मत सम्भार र नियमन

ग) स्थानीय स्तरमा ट्रली वस जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वायन र नियमन

घ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी नगरीय (मेट्रोसिटि)क्षेत्रभित्र शहरीरेल सेवा संचालन, व्यवस्थापन, मर्मत सम्भार समन्वय सहकार्य

ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन  र नियमन

च) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड योजना, कार्यन्वायन र नियमन

छ) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

ज) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून मापदण्ड योजना, कार्यन्वायन र नियमन

झ) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति कानून मापदण्ड योजना, कार्यन्वायन र नियमन

ञ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

ट) स्थानीय साना तह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

ठ) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

ड) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति कानून मापदण्ड योजना, कार्यान्वयन र नियमन

ढ) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रर्वद्धन

**प्रमाणीकरण मितिः २०७७।१०।२५**

**आज्ञाले,**
**ईश्वरी प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**